**मिक्लाजुङ गाउँपालिका, मोरङको**

**उपाध्यक्ष श्री दिनेश पौडेलले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम**

**सभाध्यक्ष ज्यू,** मिक्लाजुङ गाउँपालिकाको गाउँसभाको सोह्रौं अधिवेसनमा उपस्थित हुनु भएका यस सम्मानित सभाका सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारी  तथा सञ्चारकर्मी मित्रहरू,

आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा, नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व गर्ने हाम्रा वीर पूर्खा, प्राण आहुती दिनुहुने अमर शहिदहरू तथा अग्रजहरूले सामाजिक तथा आर्थिक रूपान्तरणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।

मिक्लाजुङ गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलबादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्थित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा गाउँ सरकार हरपल प्रयत्नशील छ। विकास, निर्माण र  परिवर्तनको अनुभुति सबै गाउँवासीले गर्न सकुन् भन्नेमा हामी अत्यन्त सचेत छौं । गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि वढ्न हामी दृढसङ्कल्पित छौ ।

व्यवसायिक कृषि, पर्यटन, दिगो पूर्वाधार विकास र आधुनिक प्रविधिको प्रयोग मार्फत् समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट सामाजिक न्यायसहित गाउँवासीको खुसी, विकास र समृद्धिको आकाङ्क्षालाई मूर्त रूप दिने हाम्रो प्रतिबद्धता रहेको छ । उपलब्ध स्रोतसाधनको सीमाभित्र रहेर जनताले अपेक्षा गरे अनुरुप परिवर्तन महसुस हुने गरी महत्त्वपूर्ण र रुपान्तरणकारी अधिकांश योजनाहरू सम्पन्न भइसकेका छन् भने कतिपय सम्पन्न हुने चरणमा रहेको तथ्य हामी सबैलाई जगजाहेर नै छ ।

स्थानीय सरकारको नेतृत्वको हैसियतमा हाम्रो पहलमा सङ्घ र प्रदेश सरकारको समेत समन्वय, सहजीकरण एवम् साझेदारीमा गाउँपालिकाको समग्र विकासमा तत्कालीन र दीर्घकालीन महत्त्वका विभिन्न आयोजना, परियोजनाहरू अघि बढेको हामी सबैलाई विदितै छ।

गत विगतमा भएका असल अभ्यासहरूलाई निरन्तरता दिँदै र सुधार गर्नु पर्ने पक्षहरूलाई सिकाइका रुपमा ग्रहण गर्दै, यस गाउँपालिकाको भुगोल, भाषा, धर्म, कला, सँस्कृति, जातियता, रहनशन र रितिरिवाजमा भएको पृथकताको सम्मान गर्दै सबै क्षेत्रको समानुपातिक विकास सहित सँस्कार र साँस्कृतिक पहिचान सहितको समुन्नत मिक्लाजुङ निर्माणको हाम्रो लक्ष्यमा हामी अडिग छौं ।

सभाध्यक्ष महोदय,

मिक्लाजुङका आम नागरिकहरूले आफ्ना आधारभूत आवश्यकता पुरा गर्दै समग्र गाउँपालिकाको विकास र समृद्धिका लागि पाँच वर्षसम्म आफ्नो प्रतिनिधिको रुपमा काम गर्न हामीलाई जिम्मेवारी दिएर पठाएको पनि तीन वर्ष व्यतित भैसकेको छ । हामीले निर्वाचनका समयमा जनता सामु गरेका प्रतिबद्धता र घोषणाहरू यो अवधिमा के कति पुरा गर्न सक्यौं र अब के कति गर्न बाँकी छ ? भन्ने तथ्यलाई समेत मनन् गर्दै, आगामी वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको खाका तयार गरिएको व्यहोरा सम्मानीत सभा समक्ष जानकारी गराउन चाहान्छु ।

<u>सम्मानीत सभाका सभासदस्य ज्यूहरू</u>

आगामी वर्षका लागि प्रस्तुत नीति तथा कार्यक्रमले, दिगो विकासका लक्ष्यलाई पुरा गर्न दीगो विकासको पुर्वाधारका रुमाप रहेका शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको व्यहोरा जानकारी गराउँछु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानुनी आधारहरु लिइएको यस सम्मानीत सभा समक्ष जानकारी गराउन चाहान्छु,

- नेपालको संविधान तथा यसमा व्यक्त गरिएका राज्यको उद्देश्य, राष्ट्रिय नीति, मौलिक हक तथा निर्देशक सिद्धान्त
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय तथा प्रादेशिक आवधिक विकास योजना
- मिक्लाजुङ गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको आन्तरिक स्रोत साधन तथा अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत् प्राप्त हुने श्रोत
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धी तथा विगतका विकास प्रयासको समीक्षा
- जनअपेक्षा तथा आवश्यकता
- विकासका अन्तरसम्बन्धित बिषयहरुः गरिबी निवारण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, लैंगिक विकास, सामाजिक समावेशीकरण
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

**सभाध्यक्ष महोदय, सभासदस्य ज्यूहरू**

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गर्दा देहाय बमोजिमका क्षेत्रहरूलाई प्राथमिकतामा राखी तयार गरिएको व्यहोरा जानकारी गराउछु ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- सबैकालागि स्वास्थ जिवनको सुनिश्चितता गर्दै समृद्ध जिवनस्तर प्रवर्धन गर्ने,
- समय अनुकुल प्रविधिको प्रयोग सहित गुणस्तरीय, रोजगारमुखी शिक्षा र जिवनपर्यन्त सिकाइ,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- दीगो आर्थिक वृद्धि गर्दै जनताको जीवनस्तर सुधार सहित, मर्यादित रोजगारी प्रवर्धन गर्ने,
- भरपर्दो पूर्वाधार निर्माण, समावेशी औद्योगिक विकास र नवप्रवर्तन प्रवर्द्धन,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
- प्राकृतिक श्रोतको दीगो उपयोग तथा विपद् व्यवस्थापन,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
- जमिनको पारिस्थितीकी प्रणाली, वन र जैविक विविधताको संरक्षण।

**सभाध्यक्ष महोदय,**

आगामी वर्षको नीति तथा कार्यक्रमले राखेका लक्ष्यहरू हाँसिल गर्नका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गर्न प्रस्तावित गरेको छ।

**प्रमुख रणनीतिहरुः**

१. दीगो विकासका लक्ष्यका सूचकहरूलाई स्थानीय सन्दर्भ अनुसार परिमार्जन र कार्यान्वयन योग्य बनाइने।
२. बहुक्षेत्रीय समन्वयमा आधारित समावेशी सहभागिताका आधारमा योजना निर्माण तथा कार्यन्वयन गरिने।
**३.** प्राथमिकता तथा आवश्यकताका आधारमा नीति तथा नीति अनुरुप आय व्ययको अनुमान तयार गरिने।
४. स्थानीय नीति तथा कार्यक्रमलाई प्रादेशिक तथा राष्ट्रिय नीति संग आवद्ध गरिने।
**५.** समान अवस्था र उद्देश्य भएका पालिकाहरू विच अन्तर समन्वय र सिकाइ स्थानान्तरण गरिने।
**६.** वित्तीय संघीयता तथा स्थानीय वित्तीय स्वायत्तालाई प्रवर्धन गर्न आन्तरिक स्रोत परिचालनलाई थप प्रभावकारी बनाईने।
**७.** बजेटको विश्वसनीयता तथा प्रभावकारिता बढाउन श्रोत अनुमानलाई वास्तविक बनाउनुकासाथै बजेटमा संरचनात्मक सुधार गरिने।
८. चालू खर्चलाई वाञ्छित सीमा भित्र राख्दै चालु तथा पुँजीगत खर्चलाई सन्तुलित बनाइने।
९. लाभ लागत विश्लेषण तथा वास्तविक आवश्यकताका आधारमा पुर्वाधार आयोजना छनौट गरिने।
**१०.** आयोजनाहरूको दीगोपना र गुणस्तरका लागि ठूला वहुवर्षीय योजना संचालन गर्नुका साथै अधुरा आयोजना सम्पन्न गरिने।
**११.** जलवायु परिवर्तनको प्रभाव न्युनीकरणका लागि स्थानीय अनुकुल कार्यनीति विकास गरिने।
**१२.** आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई समयाबद्ध गरिने।
**१३.** सार्वजनिक खर्चमा मीतव्ययीता अपनाईने तथा वित्तीय अनुशासन कार्म गरिने।
**१४.** स्रोत व्यय सन्तुलन कायम गर्दै, अनुगमन तथा मुल्याङ्कनलाई वस्तुनिष्ठ बनाईने।

**सभाध्यक्ष महोदय, सभासदस्य ज्यूहरू**

अब म आर्थिक वर्ष २०८२/०८३ को विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

## १. आर्थिक विकास नीति

### १.१ कृषि  तथा पशु पंक्षी विकास

क) कृषि

१. अन्नबाली, तरकारीबालि, फलफूलबाली, मसलाबाली र नगदे बालिको उत्पादन क्षेत्र विस्तार र उत्पादकत्व वृद्धि गर्न बहुआयामिक तवरले कार्यक्रमहरुलाई वडाको विशिष्टताको आधारमा सञ्चालन गर्ने नीति लिइनेछ।

२. उत्पादन क्षेत्र विस्तार र उत्पादकत्व बृद्धीका लागि बीउ  पहुँचमा सुधार गर्न गुणस्तरिय बिउमा सहुलियत तथा बिउ उत्पादन कार्यक्रम  गर्नुका साथै सुख्खा क्षेत्रहरुमा सिँचाइ विस्तार गर्न सुविधा दिइनेछ।

३. जनशक्तिको अभाव तथा लागत कम गराउन यान्त्रिकिकरणलाई जोड दिदै कृषकहरूका लागि **Custom hiring center** को अवधारणालाई अवलम्बन गरिनेछ।

४. ***"म जनताको प्रतिनिधि, म गर्छु  कृषि कर्म"*** लागु गर्न प्रत्येक जनप्रतिनिधिलाई कृषि कर्ममा समाहित  गराइनेछ।

५. स्थानीय स्रोत साधनको अधिकतम र उचित प्रयोग तथा उन्नत प्रविधीको समिश्रीत प्रयोग गर्नका लागी क्षमता विकास गरिनेछ।

६. कृषी प्रणालीलाई विविधिकरण, व्यवसायीकरण, प्रतिस्पर्धात्मक  र आत्मनिर्भर बनाउने नीति लिइनेछ।

७. जडिबुटि खेती प्रबर्द्धन गर्न साझेदारीको कार्यक्रम ल्याइनेछ,मौरी, च्याउ र रेशम खेति प्रवर्द्धन गरिनेछ।

८. कफी खेतीलाई प्राथमिकतामा राखी, नगदेबाली, फलफुल र मसलाबाली प्रबर्द्धनकालागी विशेष कार्यक्रम ल्याईनेछ।

९. पोस्ट हार्भेस्ट, प्रशोधन र मूल्य श्रृंखलालाई प्रवर्धन गर्दै लगिनेछ।

१०. खाद्यान्न गोदाम प्रशोधन केन्द्र, चिस्यान केन्द्रको संचालन गर्न निर्माण सम्पन्न गरी प्रयोगमा ल्याईनेछ।

११. कृषि बजारको व्यवस्थापन गर्न संकलन केन्द्रको स्थापना तथा हाट बजारलाई व्यबस्थित गर्ने नीति लिइनेछ।

१२. कृषी विमा विस्तारका लागी कृषकहरुमा जनचेतना कार्यक्रम संचालन गरिनेछ।

१३. *''**म गर्छु कृषि-कहिँ जान्न देश विर्सी**'' लाई कृषकको मुल आदर्श बनाई,*  कृषिलाई उद्योगसँग जोड्दै, कृषी पर्यटनको अवधारणा अवलम्बन गरिनेछ।

१४. किसान सुचिकरण मार्फत सुचिकृत किसानहरुलाई परिचय पत्र वितरण गरीनेछ।

१५. दीगो कृषी विकासका लागि कृषक समुह तथा समितिहरुलाई सक्रिय बनाई धेरै भन्दा धेरै कृषकहरुमा कृषि प्रविधि सेवा छिटो तथा छरितो पुर्याउन कृषकको मागमा आधारित कार्यक्रम ल्याईनेछ।

१६. कृषकहरुको आयस्तर सुधार गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्न रैथाने बालीलाई संरक्षण गर्दै लगिनेछ।

१७. उर्वराशक्ति र उत्पादकत्व घट्दै गइरहेको माटोको सुधार गर्न प्रांगारिक खेति प्रोत्साहन, गड्यौले मल, झोल मल तथा प्रांगारिक मल उत्पादन, कृषि चुन प्रयोगको व्यापक प्रचार प्रसार र  प्रोत्साहन गरिनेछ।

१८. गरिब, विपन्न, दलित र विदेशबाट दुख पाई फर्कि आएकालाई युवालाई कृषि मार्फत स्वरोजगार बनाउन युवा स्वरोजगार कार्यक्रम संचालनमा ल्याईनेछ।

१९. रोगकिरा व्यवस्थापनका लागि जैविक विधिलाई प्राथमिकता दिदै व्यवस्थापनका उपाय अवलम्बन गरी कृषि विमा कार्यक्रमलाई प्रभावकरी बनाउँदै लगिनेछ ।

२०. जलवायु परिवर्तनलाई ध्यानमा राखेर कृषिमा अनुकुलन सम्बन्धि कार्यक्रम तय गरी कृषी प्रणालीलाई सुरक्षित र निरन्तरता दिईनेछ ।

२१. कृषिलाई सम्मानित पेशा बनाउन कृषकहरुको सम्मान गरिनेछ ।

**ख) पशुपंक्षी विकास**

१. पशुपंक्षीको संरक्षण, सुरक्षा र विकासका लागि रेविज रोग नियन्त्रण विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै राष्ट्रिय पशुपंक्षी खोप अभियान सञ्चालन गरिनेछ । सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गर्नको लागि विषेशज्ञहरु सहितको घुम्ती कार्यक्रम संचालन गरिने छ ।

२. बिभिन्न पशु पंक्षीहरुको मासु बिक्री गर्ने  पशु बधशालाको स्वच्छता कायम गर्न मासु बिक्री गर्ने पसल र वधशालाको व्यवस्थापनका लागि मापदण्ड तयार गरी लागु गरिनेछ ।

३. पशु पालनलाई व्यावसायिक बनाउन प्रोत्साहित गरिनेछ । कानुन बमोजिम दर्ता तथा नविकरण भएका ब्यावसायिक समुह/समिति र फार्मलाई मात्र अनुदान दिने  नीति अवलम्बन गरिनेछ । धुम्ती पशु स्वास्थ्य शिवीर तथा औषधी वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. पशु बीमा कार्याक्रमको दायरा फराकिलो बनाउँदै बीमा कार्यक्रमलाई किसानमैत्री बनाइ लागु गरिनेछ।

५. दुग्ध उत्पादनलाइ बढाइ व्यवसायिक बनाउनका लागि पशु आहारा व्यवस्थापन, चिलिङ भ्याट विस्तार, गोठ सुधार, उन्नत जातको कोरली बाछी तथा पाडी बितरण गर्नुकासाथै उत्कृष्ठ दुग्ध उत्पादक कृषकलाई काउम्याट तथा क्याल्सियम वितरण सहित प्रोत्साहित गरिनेछ ।

६. नियमानुसार दर्ता भई नविकरण भएका कृषक समुह तथा कृषि फार्मलाई मात्र पशु पालनको लागि आवश्यक औजार उपकरणमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

७. भ्याक्सिनेसन तथा औषधि बितरण कार्यक्रम प्रभावकारी बनाउन प्रत्येक वडामा बर्षको कम्तिमा २ पटक भ्याक्सिनेसन तथा औषधी वितरण कार्यक्रम संचालन गरिनेछ ।

८. साइलेज उत्पादन गर्ने किसानलाई साइलेज तयार हुने किसिमको घाँसको बिउ बेर्ना निःशुल्क उपलब्ध गराई उत्पादन बृद्धि गर्दै, साइलेस उत्पादन केन्द्र संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । यसका लागि यस क्षेत्रमा संचालित सहकारी संस्था, ठुला कृषि फर्म तथा सामुदायिक वन संग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ ।

९. कृषकहरुको क्षमता बिकासको लागि उन्नत र आधुनिक रुपमा पशु पालन गरेको क्षेत्र , घाँसे खेति तथा उत्कृष्ठ दुध डेरिहरु भएका स्थानको सिकाई अवलोकनका गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

१०. मत्स्य व्यवसाय प्रबर्धन कार्यक्रम संचालन गर्न दर्ता भएका समुह तथा  फर्म लाइ विशेष प्राथमिकतामा राखेर कृषकको मागमा आधारित माछाको भुरा बितरण गरी मत्स्य व्यवसाय प्रवर्धन गरिनेछ ।

## १.२. पर्यटन विकास

१. मिक्लाजुङका सम्भाव्य पर्यटन क्षेत्रहरूको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणका लागि आवश्यक पूर्वाधार निर्माण, होमस्टे सञ्चालन लगायत पर्यटनजन्य व्यवसायका लागि, सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिने छ। यसका लागि नेपाल पर्यटन बोर्ड, प्रदेश पर्यटन बोर्ड तथा ट्राभल एजेन्सी तथा होटल व्यवसायीसंग समन्वय गरिनेछ। पर्यटनलाई आकर्षक बनाउन होमस्ट सञ्चालन भएको ठाउमा मौसमी फुल लगाउन प्रोत्साहित गरिनेछ।

२. नयाँ संचालनमा ल्याइने निजी होटलहरुलाई पर्यटकमैत्री बनाउन वेयटर र व्यवस्थापकलाई तालिमको व्यवस्था गरिनेछ। धार्मिक पर्यटकलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिनेछ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरुका लागि संघ, प्रेश तथा अन्तरपालिका समन्वय गर्ने नीति अवलम्वन गरिनेछ।

५. विभिन्न जातजातिको जातजातिका परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

६. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकासँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

७. मिक्लाजुङको सिप, सँस्कार, सँस्कृति, रितिरिवाज, परम्परा र विशेष उत्पादनहरूको जानकारी गराउनका साथै आगन्तुकहरूको सहजताका लागि मिक्लाजुङका मौलिक उत्पादनहरूको मिक्लाजुङ कोशेली घरलाई अझ व्यवस्थित गर्दै विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

८. मिक्लाजुङ गाउँपालिकाका विशिष्ट साँस्कृतिक सम्पदाको संरक्षणका लागि उपयुक्त स्थानमा साँस्कृतिक संग्राहलय निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वयमा गरिनेछ।

९. वातावरणमैत्री, व्यवसायमैत्री पर्यटन प्रवर्धन गर्दै दीगो विकासका लागि सामुदायिक वनहरूको संरक्षण र विस्तार तथा पुरातात्विक स्थलहरूको संरक्षण, सम्वर्धन र सौन्दर्यीकरण गर्दै जाने नीति अवलम्बन गरिनेछ।

## १.३ उद्योग तथा व्यपार व्यवसायः

१. व्यापार व्यवसायको अभिलेख व्यवस्थित गरी व्यवसायको वर्गिकरण गर्ने कार्य गरिनेछ। गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका उद्योग,व्यापार व्यवसायको शान्ति सुरक्षाका लागि आवश्यक प्रवन्ध मिलाइने छ।

२. स्थानीय कच्चा पदार्थ, सीप, श्रोत र साधनको प्रयोग हुने र समुहबाट संचलन हुने, घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक अनुदान र प्रोत्साहनको व्यवस्था गरी सवै व्यावसायलाई करको दायरामा ल्याउने नीति लिइनेछ।

३. महिला तथा अपाङ्गता भएका व्यक्तिहरूद्वारा संचालित साना तथा घरेलु उद्योगहरूलाई विशेष प्राथमिकतामा राखी कर सहुलियत, अनुदान तथा प्रविधि सहयोग गरी प्रोत्साहित गरिनेछ।

४. यस गाउँपालिका तथा वडा कार्यालयहरूबाट विगतमा संचालित विभिन्न सिप विकास तालिम लिएका व्यक्तिहरूले संचालन गरेका साना तथा घरेलु उद्योगहरुलाई आवश्यक थप सिप, क्षमता अभिवृद्धिका  साथै आवश्यक प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ।
५. गाउँपालिका भित्र स्थानीय व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण, अनुदानका लागि आवश्यक सहजीकरण गरिनेछ।
६. स्थानीय स्तरमा उत्पादित वस्तुको बजार व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी सहज बजार व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।
७. यस गाउँपालिका क्षेत्रमा उद्योग कलकारखाना स्थापना गरी संचालन गर्न चाहने व्यक्ति, कम्पनीहरूलाई राजश्व सहुलियत दिनुका साथै व्यवस्थापकीय पक्षमा सहयोग गर्ने नीति लिइने छ।
८. लघु तथा साना र मझौला उद्यम व्यवसाय गर्न इच्छुक युवा युवतीहरू छनौट गरी वस्तु र सेवा उत्पादनको सम्भाव्यता अध्ययनको आधारमा उचित लघु तथा साना-मझौला उद्योग व्यवसायको प्रवर्द्धनका लागि उद्यमशिलता, सिप विकास र बजार प्रवर्द्धन गरिने छ।

**१.४. सहकारी विकासः**

१. कृषि उन्मुख सहकारीहरुलाई उत्पादन अनिवार्य गरिनेछ । सहकारी संस्थालाई उत्पादनसँग जोड्ने नीति लागु गरिनेछ। सहकारीलाई कृषि, पर्यटन र उत्पादनमुखि बनाउने नीति अनुरुप सहकारी संस्थालाई उत्पादन तथा स्वरोजगार कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ।
२. सुपथ मूल्य पसल सञ्चालन गर्नलाई सहकारीसँग सहकार्य गर्नुका साथै सहकारीहरुलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी गराउन अनुगमन प्रणालीलाई प्रभावकारी बनाईनेछ।
३. सहकारीहरुलाई क्षमता विकासका लागि आवश्यक तालिम संचालनको व्यवस्था गरिनेछ।
४. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।
५. गाउँपालिका, सहकारी र निजी क्षेत्रको सहलगानीमा उद्योग सञ्चालनगरी रोजगारी सिर्जना गरिनेछ।
६. नवप्रवर्द्धनात्मक एवम् सिर्जनात्मक व्यवसायको सुरुवात गर्ने व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ।
७. सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी नियमनका लागि एकिकृत अनुगमन प्रणालीको विकास गरिनेछ।
८. संचालनमा रहेका सरकारी संस्थाहरुको तथ्याङ्क अध्यावधिक गरी संस्थाको क्षमता अभिवृद्धि, संस्थाको सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने नीति लिइनेछ।

९. यस गाउँपालिका बाहिर दर्ता भै यस गाउपालिकालाई कार्यक्षेत्र बनाइ काम गरिरहेका र काम गर्न इच्छुक सहकारीहरूलाई वार्षिक प्रतिवेदन तथा प्रस्तावनाका आधारमा कृषि क्षेत्रमा लगानी गरेको कार्य समेतका आधारमा मात्र सूचीकरण तथा संचालन अनुमति प्रदान गर्ने नीति संघीय तथा प्रदेश सरकारको समन्वयमा अवलम्बन गरिनेछ।

१०. विभिन्न क्षेत्रबाट सिप विकास तालिम प्रदान गरी गठन गरिएका महिला, अपाङ्गता भएका व्यक्तिहरु, वैदेशिक रोजगारबाट फर्किएका, युवा तथा अन्य समुह/ समितिहरूलाई सहकारीमा आवद्ध हुन प्रोत्सहित गरिनेछ।

**१.५. भूमी व्यवस्थापन**

१. भूमी व्यवस्थापन सम्बन्धी हालसम्म भए गरेका कृयाकलापहरुलाई थप व्यवस्थापन गर्दै लगिने छ।

२. आ.ब. २०८२/२०८३ भित्र निस्सा साथै थप पुर्जा वितरणका निम्ती सम्बन्धित निकायमा पहल गरिने छ।

३. जग्गा वर्गीकरण सम्बन्धी देखीएका समस्याहरुलाई सम्बन्धित निकायसँग समन्वय गरी कित्तागत विवरण र वर्गिकरण नक्शा परीमार्जनगर्दै लगिने छ।

४. ऐलानी जग्गा, वन र नम्बरी जग्गा बिच हुदै आएका सिमाना विवादहरुलाई सम्बन्धित निकाय सँग समन्वय गरी समाधान गर्दै लगिने छ।

५. आवश्यक उपकरणहरुको व्यवस्थापन गरी शुद्ध ऐलानी जग्गाको थप नियन्त्रण विन्दुको स्थापना गर्ने साथै नक्सा तयार गरिनेछ।

६. भूमि सम्बन्धी कार्य सम्पादन गर्न स्रोत सुनिश्चित गर्ने साथै कार्यसम्पादनका आधारमा कर्मचारीलाई प्रोत्साहन गर्दै लगिनेछ।

७. भूमि सम्बन्धी थप आवश्यक कार्य गरिनेछ।

**१.६ जलश्रोत सिंचाइ**

१. कृषकको मुल आधारको रुपमा रहेको जलस्रोतको व्यवस्थापन र विकासका लागि विभिन्न साना सिंचाई आयोजना, पैनी मर्मत, डिपवोरिङका आयोजनाहरू संचालन गरिनेछ।

२. दीगो जलश्रोत व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारका साथै विभिन्न दातृ संस्था र निकायहरूसँग समन्वय गर्ने नीति अवलम्बन गरिनेछ।

**१.७ राष्ट्रिय रोजगार कार्यक्रम**

१. पालिका भित्र सञ्चालन हुने विभिन्न योजना तथा सार्वजनीक विकास कार्यमा श्रम प्रधान प्रविधिको प्रयोगलाई प्राथमिकता दिई स्थानीय बेरोजगारलाई रोजगारी प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

२. बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सहज पुनःस्थापनका लागि व्यक्तिगत तथा पारिवारीक परामर्श सेवा प्रदान गरिनेछ।

३. बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरू कोष स्थापना गरी समस्यामा परेका रिटनीहरूका लागि आपतकालिन सहायता उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

४. विभिन्न सिप र श्रममा संलग्न नेपाली नागरिक कामदारहरूको पहिचान गरी सूचिकृत वेरोजगारलाई श्रम बजारको माग अनुसार थप दक्ष र सक्षम जनशक्ति विकास गर्न तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

५. स्थानीय युवालाई स्वःरोजगार बनाई श्रम बजामा आकर्षित गर्न पहल गरिनेछ।

## २.सामाजिक विकास नीति

### २.१ शिक्षा

१. सामाजिक पुस्ता **"जेन जी" र "अल्फा"**को मनोवृति र सिकाइका सिद्धान्त सम्वन्धी विभिन्न कार्यक्रम मार्फत शिक्षकको क्षमता विकास गरी अन्तरपुस्ता फरकबाट भएको सिकाइ समस्या समाधान गर्ने नीति अवलम्बन गरिनेछ।

२. विद्यालय शिक्षामा समयसापेक्ष सुधार गर्नकालागि प्रविधिमैत्री विद्यालय विकास कार्यक्रम सञ्चालन गरी सम्पूर्ण सामुदायिक विद्यालयहरूमा आधारभूत ICT उपकरणको व्यवस्था गर्नुकासाथै कम्तिमा ९ वटा विद्यालयलाई प्रविधिमैत्री विद्यालय बनाई सँस्कार सहितको आधुनिक सिपयुक्त शिक्षाको सुनिश्चितता गर्ने नीति अबलम्बन गरिनेछ।

३. प्रविधिमा आधारित विद्यालय अनुगमन तथा सहजीकरणका लागि सबै विद्यालयमा सि.सि. क्यामेरा र इ-हाजिरी व्यवस्था गर्नुकासाथै गाउँपालिकामा आवश्यक प्रविधि जडान गरी भौगोलिक प्रतिकुलता र जनशक्ति अभावको कारण विद्यालय अनुगमन नियमनमा भएको कमीलाई पुरा गर्ने नीति लिइनेछ।

४. प्रविधिमा आधारित शिक्षण सिकाइकालागि विद्यालयको भौतिक व्यवस्थापन सुधारकासाथै शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ। रिक्त शिक्षक पदपूतर्तीका लागि शिक्षक छनौट वा सरुवा गर्दा प्रविधिको प्रयोग सम्वन्धी ज्ञान तथा सिपलाई छनौट/ सरुवाको थप आधारका रुपमा स्थापित गरिनेछ।

५. विषयगत शिक्षक समुह निर्माण गरी नियमित बैठक, अन्तरकृया, छलफल र कक्षा अवलोकनबाट विषयगत सिकाइ सुधारका उपायहरूको खोजी गरी सिकाइ सुधार गर्ने नीती लिइनेछ।

६. विद्यार्थीहरूको फरक क्षमता र सिकाइ समस्याको पहिचान गरी सिकाइ सुधार गर्नका लागि मामला अध्यायन (Case Study) तथा कार्यमुलक अनुसन्धान (Action research) गर्न शिक्षकलाई सक्षम, उत्प्रेरित र प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

७. उत्प्रेरणा तथा परामर्श (Motivation & Counseling) मार्फत विद्यार्थीहरूको स्वः पहिचान, व्यक्तिगत व्यवस्थापन तथा भविश्यको मार्ग निर्धारणका लागि विभिन्न संघसंस्था तथा विज्ञहरूसँगको सहकार्यमा विद्यालयमा आधारित कार्यक्रम सञ्चालनलाई उच्च प्राथमिकता दिइनेछ।

८. स्काउट, बालक्लव, जु.रे.स. तथा खेलकुद प्रतियोगितामा सकृय सहभागी गराई सिप, सँस्कार र नैतिक शिक्षा प्रदान गर्नुका साथै जेष्ठनागरिकसँग अन्तरकृया गरी रितिरिवाज, परम्परा, सँस्कृतिको पुस्तान्तरणको नीति अवलम्बन गरिनेछ।

९. प्रति कक्षा र विषयगत शिक्षकको अभाव पुरा गर्न र प्रति विद्यार्थी लागत न्यून गरी सिमित लगानीमा गुणस्तरीय शिक्षा प्रदान गर्न, थोरै विद्यार्थी भएका विद्यालयहरू समायोजन गर्ने र कक्षागत शिक्षक पुरा नभएका विद्यालयहरूलाई शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१०. प्रधानाध्यापकलाई विद्यालयको सुशासन, व्यवस्थापन र सुधारमा जिम्मेवार र जवाफदेहि बनाउन गाउँपालिकासँग र शिक्षकलाई विद्यार्थी सिकाइ व्यवस्थापन र सुधारमा जवाफदेहि बनाउन प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने र नियमित अनुगमन तथा समिक्षा गर्ने कार्यलाई प्राथमिकतासाथ लागु गरिनेछ ।

११. ***"मेरो विद्यार्थी, मेरो जिम्मेवारी"*** कार्यक्रम मार्फत साना कक्षाका विद्यार्थीहरूका लागि समान सिकाइ सक्षमता हाँसिल गर्ने नीति लिइनेछ ।

१२. विद्यार्थी सिकाइ उपलब्धी सुधारकालागि, शिक्षकको वार्षिक तथा दैनिक शिक्षण सिकाइ योजना, सिकाइ सुधार योजना (TIP) लाई अनिवार्य गर्दै, कक्षागत तथा विषयगत शिक्षक व्यवस्थापन र उपचारात्मक कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१३. शिक्षकको वारम्बार हुने पदरिक्तता र परिवर्तनबाट भएको सिकाइ समस्यालाई व्यवस्थित गर्न शैक्षिक सत्रको विचमा शिक्षक सरुवा सहमति प्रदान नगर्ने नीति लिइनेछ ।

१४. विभिन्न विद्यालयमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि विज्ञ शिक्षक रोष्टर निर्माणमा स्थानीय विज्ञ शिक्षकलाई प्राथमिकता दिईनेछ ।

१५. महिला शिक्षकहरूको लामो सुत्केरी विदाको अवधिमा शिक्षक अभाव पुरा गर्नका लागि बैकल्पिक शिक्षक व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१६. विभिन्न क्याम्पसमा शिक्षा शास्त्रमा स्नातक/स्नातकोत्तर तहको अध्ययन गरी अभ्यास शिक्षणमा आउन चाहने विद्यार्थीहरूलाई प्रोत्साहित गरी केही हदमा शिक्षकको अभाव पुरा गर्नुका साथै नविनतम शिक्षण सिकाइका विधि र तरिकाहरू विद्यालमा प्रवेश गराउने नीति अवलम्बन गरिने छ ।

१७. वडा शिक्षा समितिलाई सकृय बनाई विद्यालयहरूको अनुगमन तथा स्थलगत सहजीकरणका लागि आवश्यक योजना वनाइ लागु गरिनेछ ।

१८. दिवा खाजामा स्थानीय सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरी खाजाको गुणस्तर सुधारको सुनिश्चिता गरिनेछ । दिवा खाजाको मापदण्ड बमोजिम गुणस्तरमा ध्यान नदिएका, दिवा खाजामा चटपटे र पत्रुखाना (जंक फूड) को प्रयोग गर्ने विद्यालयहरूलाई दिवा खाजा वापत दिइने अनुदान रकम कटौति गर्ने नीति लागु गरिनेछ ।

१९. भौगोलिक विकटता तथा विद्यार्थी चापलाई मध्यनजर गर्दै विद्यार्थीलाई धेरै टाढाबाट हिंडेर विद्यालय आउनुपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक विद्यालयमा छात्रावास व्यवस्थापनका लागि संघ, प्रदेश तथा साझेदार सस्थाहरूसँग सहकार्य गरिनेछ ।

२०. विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापन सुधारकालागि गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, जनप्रतिनिधि तथा तोकिएका कर्मचारीबाट गरिने अनुगमनलाई, सूचकमा आधारित बनाइ थप प्रभावकारी बनाइने छ । शैक्षणिक पक्षको अनुगमन र शिक्षकलाई पेशागत सहयोग गर्न विद्यालय मेन्टरिङ पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

२१. थप सिकाइ समय व्यवस्थापनका लागि विहान ९:४५ बजेदेखि नियमित विद्यालय सञ्चालन गर्ने विद्यालयहरूलाई प्रोत्साहित गर्ने कार्यलाई नीतिलाई निरन्तरता दिइनेछ । विद्यालयको कार्यसम्पादन मूल्याङ्कन र सामाजिक परीक्षणको नतिजा बमोजिम उत्कृष्ठ हुने एक माध्यमिक र एक आधारभूत विद्यालयलाई प्रोत्साहन अनुदान प्रदान गरिनेछ।

२२. विभिन्न मातृ भाषा-लिपि, कला र सँस्कृतिको जगेर्ना गर्न धार्मीक तथा परम्परागत कक्षाका लागि शिक्षक क्षमता विकास गर्नुका साथै भाषा-लिपि कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२३. विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरूको क्षमता विकास गरी विद्यालयको समग्र व्यवस्थापनमा सुधार व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने नीति लागु गरिनेछ।

२४. संस्थागत विद्यालयहरूको नियमन गरी सेवामुलक बनाइने छ । सँस्थागत विद्यालयले प्रदान गर्ने निःशुल्कवृत्ति तथा छात्रवृत्तीका लागि सम्वन्धित वडा शिक्षा समितिसँग अनिवार्य समवन्य गर्नु पर्ने व्यवस्था लागु गरिनेछ।

२५. प्राविधिक तथा उच्च शिक्षामा सहयोग गरी मध्यम तथा उच्च तहको प्राविधिक जनशक्ति तयार गर्न बहुप्राविधिक शिक्षालय संचालन गर्नुकासाथै उच्च तथा प्राविधिक शिक्षा हाँसिल गर्ने विद्यार्थीलाई प्रोत्साहन छात्रवृत्तिको व्यवस्था गरिनेछ।

२६. यस गाउँपालिकामा संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुका स्कुल बसहरुलाई पुर्वाधार उपयोग शुल्क पूर्ण छुट दिने नीति अबलम्बन गरिने छ।

**२.२ जनस्वास्थ्य**

१. घर घरमा आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ। वर्षमा कम्तीमा दुई पटक खोप, पोषण, गर्भवती जाँच, परिवार नियोजन सेवा,क्षयरोगको परिक्षण, जेष्ठ नगारिक तथा अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य परिक्षण गर्नुका साथै सर्ने तथा नसर्ने रोगको स्क्रिनिङ गरिनेछ। यसकालागि उपलब्ध स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविकालाई परिचालन का साथै प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

२. मधुमल्ला अस्पतालले प्रदान गर्दै आएको सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन आधुनिक प्रविधियुक्त ल्याव तथा उपयुक्त दक्ष जनशक्तिको व्यवस्था गरिनेछ।

३. स्वास्थ्य संस्थाहरूको भौतिक सवलीकरण गर्नुका साथै आधुनिक औजार उपकरणको व्यवस्था गरी सेवामा गुणस्तर कायम गर्ने नीति अवलम्बन गरिनेछ।

४. महिलाहरूको पाठेघरमा हुनसक्ने घातक रोग क्यान्सबाट बचाउनका लागि निश्चित उमेर समुहका महिलाहरूलाई दिइने **HPV** भ्याक्सिन निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

५. अती विपन्न, अल्पसंख्यक, सीमान्तीकृत, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ, साथै स्वास्थ्य बीमा कार्यक्रमको व्यापक प्रचार प्रसार गरिनेछ।

६. मर्गौला प्रत्यारोपण गरेका, डयलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई नियमित उपचारका लागि आर्थिक सहायता रकम उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिनइनेछ।

७. दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ। साथै गाउँपालिका अन्तर्गत शववाहन सेवा निशुल्क सञ्चालन गरिनेछ।

८. सरुवा रोगको संक्रमण न्यून गर्न सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी निःशुल्क स्वास्थ्य शिविरहरु संचालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गर्ने नीति अवलम्बन गरिनेछ।
९. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सहिद परिवारका सदस्यका लागि, सुगर, मुटुरोग, मृर्गौलाको रोग, रगतमा वोसो जाँच, निमोनिया तथा इन्फ्लुएन्जाको भ्यक्सिन, मानिसिक रोग, बुढ्यौलिमा विर्षने रोग, डिप्रेशन जस्ता रोगको उपचारका अतिरिक्त फोक्सो तथा छालाको जाँच मधुमल्ला अस्पतालमा निःशुल्क गर्ने प्रवन्ध मिलाइने छ।
१०. संघीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
११. नागरिक आरोग्य केन्द्रलाई आवश्यक औषधि उपकरणको व्यवस्था सहित सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।
१२. मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणकालागि सम्बन्धित पक्षसँग सहकार्य गरी सचेतना कार्यक्रम संचालन गरिनेछ।
१३. सामुदायिक स्वास्थ्य सेवालाई सहज तथा थप प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयम् सेविकालाई थप प्रोत्साहित गरिनेछ, साथै जनसंख्या तथा भुगोलका आधारमा महिला स्वास्थ्य सवयं सेविकाको सख्या थप गरिनेछ।

**२.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति**

१. बाल विकासका सूचकहरु बाल बचाऊ,बाल संरक्षण,बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई बालबालिकाको क्षमता विकासका लागि विभिन्न बाल प्रतियोगिता तथा बालक्लब र बालसंजालका पदाधिकारीहरुको क्षमता विकास गर्दै सबै वडालाई क्रमश बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ।
२. बालबालिकाका विभिन्न प्रतिभा र क्षमताहरुको पहिचान र प्रोत्साहन गर्नका लागि बाल क्लब र बाल संजाललाई सकृय बनाईनेछ।
३. बाल श्रममुक्त पालिका घोषणाको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
४. महिला समूह/समितिहरुलाई सक्रिय रुपमा परिचालन गरी आर्थिक सशक्तिकरण तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
५. अपाङ्गता पहिचान र परिचयपत्र वितरणको कार्यलाई निरन्तरता दिईनेछ।
६. महिला, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजातीको सक्षमता, उत्थान र प्रोत्साहनका लागि विभिन्न दिवसहरूमा सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
७. ज्येष्ठ नागरिकको सम्मानकालागी पारिवारीक सचेतना कार्यक्रमलाई प्राथमिकतासाथ लागु गरिनेछ। जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण तथा सम्मानको व्यवस्था गरिनेछ।
८. महिलाहरूको कृषक समुह निर्माण र महिला व्यावसायीलाई प्रोत्साहित गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।
९. लैंगिक मैत्री बजेटको अवधारणालाई कार्यान्वयन गर्दै लैंगिकमैत्री शासन तथा बजेटको परीक्षण गरिनेछ।
१०. आदिवासी, जनजाती, दलित, पिछडा वर्ग जस्ता पछाडी पारिएका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि लक्षित वर्गकै नेतृत्व र सहभागितामा विभिन्न कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

११.अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकारसँगको साझेदारीमा सन्चालन भइरहेको अपाङ्गता रोकथाप तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ।

१२.अपाङ्गता भएका व्यक्तिहरूका लागि गरिने कार्यक्रमको तयारी तथा संचालनमा, अपाङ्गता भएका व्यक्तिहरूका संस्था र व्यक्तिको सहभागिता सुनिश्चित गर्ने नीति अवलम्बन गरिने छ।

१३.सबै वडामा विद्यालयमा रहेका छात्रा तथा बाहिर रहेका किशोरीहरुका लागि आत्मरक्षा तथा किशोरी शसक्तिकरण तालिमलाई प्रदान गरिने छ।

१४.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गरिव वर्ग तथा महिलालाई उद्यमी बनाउनकासाथै नयाँ उद्यमीलाई उद्यमशीलता सम्वन्धी स्तरोन्नती तालिम प्रदान गरिनेछ।

१५.सिमान्तकृत र अतिसिमान्तकृत वर्गमा पर्ने परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिपविकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६.अपाङ्गता पहिचान र परिचयपत्र वितरणको कार्यलाई सेवाग्राहीमैत्री बनाउनका विभिन्न स्थानमा सिविर संचालन गरिनेछ।

## २.४ युवा तथा खेलकुद

१. युवा उद्यमशिलता कार्यक्रम मार्फत युवालाई ***"विदेशको सिप, नेपाललाई हित"*** भन्ने भावना जागृत गराई स्वःरोजगारउन्मुख बनाउन प्रोत्साहन र सहयोग प्रदान गर्ने नीति लिइनेछ।

२. युवाहरूमा सकारात्मक सोच र स्वयम् व्यवस्थापनका क्षमता विकासका लागि वडास्तरीय युवाक्लबहरूको तालिम, गोष्ठी, अन्तरकृया संचालन गरिनेछ।

३. युवाहरूको सबैभन्दा ठूलो समस्याका रुपमा रहेको लागु औषध प्रयोगलाई पूर्ण निरुत्साहित गर्न सम्वन्धित सुरक्षा निकायहरूसँग सहकार्य गरी गाउँपालिकालाई लागु औषधरहित पालिकाको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

४. विभिन्न खेल विधाहरूमा गाउँपालिका स्तरीय टिम तयार गरी राष्ट्रिय स्तरका खेलाडि उत्पादन गर्न आवश्यक प्रशिक्षणको व्यस्था गरिनेछ। खेलको माध्यमबाट गाउँपालिकाको पहिचान बनाउन सफल राष्ट्रियस्तरका खेलाडीहरूलाई सम्मान गरिनेछ।

५. खेलकुद पुर्वाधार विकासका लागि **एक वडा एक खेल मैदान कार्यक्रम** लाई निरन्तरता दिइनेछ।

६. स्थानीय स्तरमा रहेका विभिन्न क्लबहरूलाई नियमन गरी सकृय बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।

७. विद्यार्थीहरूकालागि विद्यालयस्तरमा नियमित जुडे/कराँते प्रशिक्षण तथा योग अभ्यास मार्फत शारिरीक तथा मनोसामाजिक व्यवस्थापनमा सुधार गर्ने नीति लिइनेछ।

८. स्थानीय खेलाडीहरूलाई अन्य जिल्ला वा पालिकामा हुने प्रतियोगितामा व्यवस्थित सहभागिताका लागि वडास्तरीय खेल सञ्जाल गठनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

## २.५ खानेपानी तथा सरसफाइ

१. नागरिकहरूलाई स्वच्छ, सफा र सुरक्षित खानेपानीको व्यवस्था गर्न गाउँपालिको कार्यक्रममा उच्च प्राथमिकतामा राख्नुका साथै संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न ठूला आयोजनाहरू संचालन गरिने छ।
२. गाउँपालिकामा संचालनमा रहेका खानेपानी उपभोक्ता समितिको क्षमता विकास गरिनुको साथै खानेपानीको शुद्धिकरणलाई जोड दिईनेछ।
३. खानेपानीको मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ।
४. आफ्नो घर, टोल, बस्ती, वडा र गाउँपालिका सफा र सुरक्षित बनाउन सरसफाइका सूचक तोकी पूर्ण सरसफाइ उन्मुख गाउँपालिका बनाइनेछ।
५. साझेदारिमा आधारित सार्वजनिक शौचालय र घर घरमा सफा शौचालय व्यवस्थापनका लागि आवश्यक समन्वय र सहजिकरण गरिनेछ।
६. यस गाउँपालिका अन्तर्गत सञ्चालित खानेपानी व्यवस्थापनलाई थप व्यवस्थित वनाई एकरुपता कायम गर्न खानेपानी व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधी निर्माण गरिनेछ।
७. गाउँपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापन गर्नकालागि व्यवस्थित डम्पिङसाइट सहित व्यावसायिक फोहर व्यवस्थापन गर्ने निजी क्षेत्र तथा संस्थाहरूसँग साझेदारी गरिनेछ।

## २.६ धर्म, भाषा, कला, साहित्य र संस्कृति

१. परम्परागत प्राचिन मौलिक सँस्कार सँस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्धनमा जोड दिइनेछ। चण्डी नाच, धाननाच, च्याब्रुङ नाच, हुर्रा नाच, तामाङ सेलो, संगिनी नाच, मारुनी नाच, लाखे, जस्ता परम्परागत नृत्यहरूको जगेर्ना गर्नुका साथै पञ्चेबाजा र लोकबाजाको संरक्षण गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
२. बहु साँस्कृतिक सङ्ग्रहालय स्थापनाको सम्भाव्यता अध्ययन गरी पर्यटन विकास वोर्डसँगको समन्वयमा सङ्ग्रहालय स्थापनको तयारी गरिनेछ।
३. गाउँपालिका रहेका पुरातात्विक महत्वका क्षेत्रहरूको पहिचान र संरक्षणमा आवश्यक कार्य गरिनेछ।
४. विभिन्न स्थानीय भाषा र लिपिको संरक्षण गर्न संचालनमा रहेका भाषा कक्षाहरूलाई निरन्तरता दिँदै अन्य भाषाहरूका पनि भाषा तथा लिपि कक्षा संचालन गर्न गर्न सहयोग गरिनेछ। यसका लागि भाषा आयोग संग समन्वय गरिनेछ।
५. भाषा साहित्यको संरक्षण र सम्वर्धनका साहित्य समाज र अन्य सम्वन्धित संस्थाहरूसँग साझेदारी कार्यक्रम संचालन गरिनेछ।
६. यस गाउँपालिकामा रहेका साहित्यिक स्रष्टाहरूको पहिचान गरी निजहरूको योगदानको कदर तथा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

## २.७ सामाजिक सुरक्षा तथा संरक्षण

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ। कानुनको दायरमा रही सुरक्षा भत्ता प्राप्तिमा अझ सहजता ल्याउने कार्य गरिनेछ।

२. व्यक्तीगत घटना दर्ता सम्वन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिई समयमै घटना दर्ता गर्न गराउन घटना दर्ता टोली परिचालन गरिनेछ।

३. वडा स्तरबाट हुने विद्युतिय घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिलाई त्रुटिरहित बनाउन प्रविधि साक्षरता सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

## २.८ अपाङ्गता रोकथाम तथा पुनःस्थापना

४. अपाङ्गता रोकथाम गर्न नव दम्पती(महिला र पुरुष) र गर्भवतीलाई निशुल्क फोलिक एसिड चक्की वितरण गरिनेछ।

५. नव दम्पति, गर्भवती, सुत्केरी, नवजात शिशु स्याहार, खोप र पोषणको स्वास्थ्य संदेश सहितको नव दम्पति र गर्भवती शुभकामना कार्ड वितरण म.स्वा.स्यमं सेविका, वार्ड कार्यालयबाट र स्वास्थ्य संस्था वितरण गरिनेछ।

६. म.स्वा.स्यमं सेविका र स्वास्थ्यकर्मीलाई मोवाइल एप्स (मेडिक मोवाइलको) गर्भवती दर्ता र अध्यावधिक गरी सुरक्षित मातृत्व सेवा प्रविधि मैत्री बनाइने नीति लिइनेछ।

७. गर्भवतीहरुको लागि दक्ष स्वास्थ्यकर्मीबाट पोर्टेवल ग्रामीण अल्ट्रासाउण्डको मध्यमबाट (भिडियो एक्सरे) सेवा स्वास्थ्य चौकीहरुबाट दिने व्यावस्था गरी जटिलता भएका गर्भवतीलाई प्रेषण गर्ने व्यवस्था मिलाइनेछ।

८. सवै स्वास्थ्य चौकीहरुबाट घर घरमा गइ जन्मदोष पहिचान, सुत्केरी जाँच र नवजात शिशु जाँच गर्ने व्यवस्था मिलाइने छ।

९. समूदायमा आधारित पुनर्स्थापनाकर्ता (CBR) को मध्यम बाट सवै अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल MIS तयार भएका र थपिएकोलाई MIS मा प्रविष्ट गर्दै लाने र सवै अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्रको पहुँचमा ल्याइने छ।

१०. प्रत्येक वडामा स्वास्थ्य शिविरको मध्यमबाट अपाङ्गता भएका व्याक्तिहरुको स्वास्थ्य परीक्षण गर्ने र उपचारको समेत व्यावस्था मिलाइने छ।

११. अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय ओ पी डी गठन भएका र वडा स्तरमा बनेको मिलिजुली समूहलाई थप प्रभावकारी बनाउन मिलिजुली समूहमा वचत र ऋण परिचालनलाई सहकारीमा जोड्ने नीति रहेको छ।

१२. अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यावसाय र रोजगारी प्रवर्धनको लागि लगानीको व्यवस्था गरिनेछ।

१३. कार्यक्रम अन्तर्गत रहेका जीविकोपार्जन, सामाजिकीकरण र सशक्तीकरण क्रियाकलापहरु स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको संस्था/समूह मार्फत कार्यन्वयन गर्ने नीति कार्यान्वयन गरिनेछ।

१४. अपाङ्गता भएका व्यक्तिहरुको बाधा तथा कठिनाईलाई हटाउन सहज जीवनयापनमा सहयोग पुर्याउन आवश्यक पर्ने सहायक सामाग्री निःशुल्क वितरणको व्यवस्था मिलाइने नीति रहेको छ।

१५. सार्वजनिक भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

१६. अपाङ्गता भएका व्यक्तिहरूको सिप विकास तथा क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउने नीति लिइनेछ।

## ३. पूर्वाधार विकास नीति

### ३.१ यातायात तथा भौतिक पूर्वाधार

१. गाउँपालिकाबाट सञ्चालन गर्नुपर्ने विभिन्न आयोजनाहरूलाई प्राथमिकीकरण गरी क्रमश सञ्चालन गर्दैजाने कार्यलाई व्यवस्थित गर्न आयोजना बैङ्क दिग्दर्शन तयार गरी आयोजना बैङ्क स्थापना गरिनेछ ।

२. उपभोक्ता समिति मार्फत आयोजना सञ्चालन गर्दा पालिका र उपभोक्ताको ९०/१०% साझेदारी लाई अनिवार्य गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

३. सार्वजनिक निर्माणमा ५०% लागत साझेदारी गर्ने गरी पेश भएका प्रस्तावहरूमा ५०% गाउँपालिकाको साझेदारीमा आयोजना सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

४. नेपाल सरकारको ढुंगा, गिटी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ (६) मा भएको व्यवस्था बमोजिम गाउँपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थको हकमा बिक्रिमुल्य वा शुल्क छुट दिने नीति अवलम्बन गरिनेछ ।

५. गाउँपालिकामा थप सडक निर्माण गर्ने वा सडक स्तरोन्नती गर्ने कार्यलाई व्यवस्थित गर्न सडक गुरुयोजना (MTMP) बनाई कार्यान्वयन गरिनेछ ।

६. भौतीक पूर्वाधार विकासका क्षेत्रमा दिगो विकासका लक्ष्यहरुलाई पालिकामा स्थानीयकरण गर्दै लगिनेछ ।

७. दिगो विकास लक्ष्यका उपलब्धि समिक्षा गरी कमजोर सूचकहरु भएका क्षेत्रलाई प्राथमिकता दिई श्रोत विनियोजन गरिनेछ।

८. वजार क्षेत्रभित्र अव्यवस्थित पार्किङ एवं तारलाई व्यवस्थित गरिनेछ । पालिका भित्र रहेको एक खेलमैदानलाई रङ्गशालाको रुपमा स्तरउन्नती गर्न आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।

९. पर्यटकीय गन्तव्यका रुपमा रहेका रमिते डाँडा, चुलीपोखरी, कुईनेटार, कोलुङ झर्ना, पञ्चमि सिमसारलाई पर्यटकीय हव बनाउनई पालिकाको पहिचान सहित आर्थिक उपार्जन गर्न पर्यटकीय क्षेत्रको भौतिक पुर्वाधार व्यवस्थापन तथा सुधारको कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१०. गत विगतमा निर्माण सम्पन्न भई जीर्ण भएका, मधुमललाको फ्लिमहललाईन ठाडो सडक, मालबारी-संगमचोक सडक, मिनेचोक धोवेनी सडक, असोकचोक-टाँडी रोडसम्मको सडक जस्ता कालोपत्रे सडकहरूलाई सडक वोर्डसँगको साझेदारीमा मर्मत सम्भार तथा निर्माण सम्पन्न गरिनेछ ।

११. नियमानुसार गठन भएका, उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाईनेछ ।

१२. महिलाहरूको सक्षमता विकासका लागि, महिलाहरू मात्र रहेको उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका आयोजनाहरूमा लाग्ने जनसहभागिता वापतको रकममा १०% सम्म छुट दिने साथै अपाङ्गता भएको व्यक्ति उपभोक्ता समितिको अध्यक्ष भएको अवस्थामा समेत सो रकम छुट दिने नीति अवलम्वन गरिनेछ ।

१३. सबै पालिकावासीको आधारभुत खानेपानी सेवामा पहुँच बढाउने नीति लिईनेछ । भरपर्दो सेवा सुनिश्चित गर्न पुराना र सञ्चालमा रहेका खानेपानी आयोजनाहरुको नियमित मर्मत सम्भार गरिनेछ। नयाँ खानेपानी आयोजनाको निर्माण र विस्तारमा संघ, प्रदेश र अन्य सरोकारवालासँग समन्वय र सहकार्यमाको लागि पहल गरिनेछ।

१४. गाउँपालिका भित्र विभिन्न स्थानमा आवश्यकता अनुसार कल्भर्ट र पुल निर्माण र निर्माण भएका कल्भर्ट पुलको संरक्षण गर्ने नीति लिईनेछ।

१५. उपभोक्ताहरुको आवश्यकता र गुनासोको सम्बोधन गर्न कर्मचारी, जनप्रतिनिधि र उपभोक्ता अन्तरसम्बाद कार्यक्रम सञ्चालन गरिनेछ।

१६. यस गाउँपालिका क्षेत्रबाट संचालन हुने बसहरूलाई व्यवस्थापन गर्न समय सापेक्ष सुविधा युक्त बसपार्क निर्माण गरी सार्वजनीक यातायातको संचालनलाई व्यवस्थित र सेवाग्राहीको सहज पहुँचको सुनिश्चिताका लागि संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा आवश्यक कार्यगरिनेछ।

१७. गाउँपालिका भित्र रहेका ट्र्याम्पो तथा सफारीहरुको संचालनलाई व्यवस्थित गर्न यस क्षेत्र बाट संचालन हुने सबै ट्र्याम्पो तथा सफारीहरूलाई गाउँपालिकामा दर्ता गरी संचालनलाई व्यवस्थित गरिनेछ।

१८. सार्वजनिक सडकको दाँया बाँया खुला गरी सहज आवत जावतको सुनिश्चित गर्नुका साथै सम्भावित दुर्घटना न्यूनीकरण गर्न सम्वन्धित सुरक्षा निकायसँग समन्वय गरी नियमित रुपमा गाउँ प्रहरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१९. गाउँपालिका क्षेत्र भित्र संचालन हुने तीन लाख भन्दा बढीको रकम सडक आयोजनामा अनिवार्य ग्रेडिङ र रोलिङ गर्नु पर्ने नीति अवलम्बन गरिनेछ।

२०. आयोजनाहरुले निर्माण गर्ने सार्वजनिक सूचना बोर्ड आयोजना सम्पन्न भएको कम्तिमा १ वर्ष सम्म रहने गरी राख्ने व्यवस्थापन अनिवार्य लागु गरिनेछ।

२१. भौतिक निर्माण कार्यको पारदर्शिताका लागि निर्माण व्यवसायी र उपभोक्ता समितले अनिवार्य रुपमा विभिन्न संघ संस्था एवम् सरोकारवाला व्यक्तिहरुको भौतिक उपस्थितिमा आयोजनाको खर्च सार्वजनिकिकरण गर्ने कार्यको सुनिश्चितता गर्न भुक्तानीको महत्वपूर्ण आधारका रुपमा स्थापित गर्ने नीति लिइनेछ।

२२. भौतिक निर्माण कार्यमा गुणस्तर कायम गर्न स्थानीय उपभोक्ता समिति तथा सरोकारवालहरूबाट नियमित अनुगमन गर्ने, सम्वन्धित वडाबाट कार्यसम्पादन अवस्थाको नियमित अनुगमन गर्ने तथा गाउँपालिका स्तरीय अनुगमन समितिबाट नियमित र अन्तिम अनुगमन समेत गर्ने गरी तीन तहको अनुगमन संयन्त्रलाई अन्तर सम्वन्धित बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

२३. भौतिक निर्मणमा समयमा कार्य सम्पादन नगर्ने तथा तोकिए बमोजिमको गुणस्तर कायम नगर्ने निर्माण व्यवसायीहरूलाई कारवाहीको दयरामा ल्याउने नीतिलाई प्राथमिकता साथ लागु गरिनेछ।

२४. उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा ठूला मेशिन औजारको प्रयोगलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

२५. कच्ची सडकहरुको प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछयाउने र विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिने छ।

२६. गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगीक मैत्री, वातावरणमैत्री साथै जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ।

२७. पहाडी क्षेत्रमा बग्ने खोलाहरूका आवश्यक स्थानमा पक्की तथा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै, ठूलो प्रकृतिका पुलहरूका लागि प्रदेश तथा संघीय सरकारसँग साझेदारी गर्ने नीति लिइने छ।

२८. ठूला मालबाहक साधन चल्ने बैकल्पिक मार्ग निर्माण गरी मालबाहक सवारी साधनबाट बस्ति क्षेत्रमा हुने प्रभाव र वातावरण प्रदुषण न्यून गर्ने नीति अवलम्बन गरिनेछ।

२९. गाउँपालिका क्षेत्र भित्र संचालन हुने निजी निर्माण तथा उपभोक्ता समिति मार्फत हुने विकास निर्माणका कार्य संचालन गर्नका लागि आवश्यक पर्ने नदीजन्य बस्तुमा स्थानीय कर छुट दिने नीति लाई निरन्तरता दिइनेछ।

३०. शारीरिक सुगठन तथा मानसिक स्वास्थ्य र मनोरञ्जनका लागि सुविधायुक्त बालउद्यान तथा युवा एवम् जेष्ठ नगारिकका लागि उपयुक्त व्यायामशाला निर्माण गरिनेछ।

३१. संघ तथा प्रदेश सरकार र विभिन्न सरकारी एवम् गैहसरकारी संघ संस्थासँगको साझेदारीमा विपन्न परिवार तथा विपद् प्रभावित क्षेत्रका लागि सामुहिक आवास निर्माण गरी सुरक्षित र व्यवस्थित बसोवास बनाउने नीति अवलम्बन गरिनेछ।

३२. साना तथा टुक्रे योजनाहरूलाई निरुत्साहित गरी दिगो विकास लक्ष्य अनुरुप भौतिक पूर्वाधार तयार गर्ने नीति लिइनेछ।

३३. विभिन्न कारणले सम्पन्न हुन नसकी अधुरा रहेका रुग्ण आयोजनाहरू आवश्यकता र उपयुक्तताका आधारमा निर्माण सम्पन्न गर्ने नीति लागु गरिनेछ।

३४. गत आ.ब. २०८१/०८२ मा विभिन्न कारणले सम्पन्न हुन नसकेका महत्वपूर्ण योजनाहरूलाई क्रमागत योजनाका रुपमा राखी यस वर्ष पुरा गरिनेछ।

**३.२ भवन तथा आवास**

१. निर्माण अधुरो रहेका सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनीक भवनको निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाइने छ।

२. प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायतका सार्वजनिक भवन तथा जग्गा संरक्षणका लागि घेराबारा गरी सुरक्षित गरिनेछ।

३. गाउँपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रीहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पनताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरीने छ।

४. भौतिक संरचनाहरुलाई भुकम्प प्रतिरोधी र वातावरणमैत्री हुने गरी निर्माण गर्न निर्माण कार्यमा सम्लग्न ठेकेदार,मिस्त्रीहरुलाई आधारभूत तालिम प्रदान गरिने छ। साथै घर तथा भवन निर्माण ईजाजत दिदा तालिम प्राप्त गरी गाउँपालिकामा सूचिकृत भएका आधिकारीक ठेकदारको प्रमाण पत्र अनिवार्य सम्लग्न गर्ने नीति लाई निरन्तरता दिंइनेछ।

५. भवन निर्माणलाई व्यवस्थित गर्ने आवश्यक स्थानीय भवन संहिता कानून निर्माण गरी लागु गरिनेछ।

### ३.३ उर्जा

१. विद्युत सुविधा नपुगकेका घरहरू पहिचान गरी, सम्वन्धित निकायसँग समन्य गरी, विद्युत विस्तार सम्पन्न गरिनेछ।

२. सडक सुरक्षाका लागि मूख्य सडकहरुमा सडक बत्ति तथा बजार क्षेत्रमा सि.सि.क्यामरा विस्तारको कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

३. विद्युत आपुर्तिको गुणस्तरमा सुधार गर्न सम्वन्धित निकायमा समन्वय गरी गुणस्तर सुधार गरिनेछ।

### ३.४ सञ्चार तथा सूचना प्रविधि

१. सूचना संचार प्रविधिको उच्चतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाह र पेपरलेस गभर्नेन्सको अवधारणालाई कार्यान्वयनको दिशातर्फ लगिनेछ। विद्युतीय सुशासन प्रवर्धन गरिनेछ।

२. सूचना तथा संचार र प्रविधिमा गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरुको पहुँच अभिवृद्धि गर्दै नेटवर्क कनेक्टीभिटी लाई थप व्यवस्थित गरिनेछ।

३. कार्यालयमा संचालनमा रहेका विद्युतीय प्रणालिहरुलाई एकिकृत गरि **Integrated System** को रुपमा विकास गर्ने साथै कर्मचारी र जनप्रतिनिधिहरुलाई प्रणाली प्रयोगमा सहजता ल्याउनको लागि क्षमता अभिवृद्धि गरिनेछ।

४. प्रविधिको स्वचालित प्रयोग तथ्याङ्कको सुरक्षा र प्रभावकारी व्यवस्थापनको लागि क्लाउड वेस सर्भर/डाटा वेसलाई आधार मानी योजना तर्जुमा गर्ने नीति अवलम्वन गरिनेछ।

५. डिजिटाईज्ड नागरिक वडापत्र यस कार्यालय र सो अन्तर्गतका कार्यालयमा क्रमश राख्दै लगिने छ।

६. कार्यालयसंग जोडिएका विभिन्न प्रविधिमैत्री कार्यक्रमहरुको डिजिटल अभिलेख व्यवस्थापन र विवरण अध्यावधिक गर्दैजाने नीति अवलम्बन गरिनेछ।

### ३.५ सामाजिक सुरक्षा तथा संरक्षण

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ। कानुनको दायरामा रही सुरक्षा भत्ता प्राप्तिमा अझ सहजता ल्याउने कार्य गरिनेछ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अशक्त लाभग्राहीहरुलाई सहजै रुपमा भत्ता उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नया दर्ता तथा नविकरणका लागि फिङ्गरप्रिन्ट र आइरिस विधिबाट बायोमेट्रिक रुजु गरिनेछ।

४. व्यक्तिगत घटना दर्ता सम्वन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिई समयमै घटना दर्ता गर्न गराउन कार्यक्रम संचालन गरिनेछ।

५. सबै प्रकारका ब्यक्तिगत घटना शतप्रतिशत दर्ता गराउन पालिका भित्र विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

६. वडा स्तरबाट हुने विद्युतीय घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई त्रुटिरहित बनाउन कर्मचारीको क्षमता विकास गरिनेछ।

७.	अति विपन्न, असहाय, बेवारिसे तथा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गर्न श्रोतको व्यवस्था गरिनेछ।

### ३.६ सम्पदा पूर्वाधार

१.	पुरातात्विक सम्पदाको संक्षणलाई  प्रथमिकता दिइने छ। यस्ता सम्पदाहरूको संरक्षण गरी पर्यटन प्रवर्धनसँग आवद्ध गर्ने संघ संस्थाहरूलाई लागत साझेदारी सहित प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

२.	पर्यटकीय क्षेत्र चुलिपोखरी, मिक्लाजुङ डाँडा पदमार्ग, कुइनेटार चुलिपोखरी पदमार्ग, कोलुङ झर्ना, बेतेनि सिमसार, देवीस्थान सिमसार, पञ्चमि दिपु क्षेत्र, रमिते होमस्टे विकासको लागि मास्टर प्लान तयार गरी सम्पदा संरक्षण र पर्यटन विकास सँगसँगै लैजाने नीति लिइनेछ।

## ८. वन, वातावरण तथा विपद व्यवस्थापन

१.	वातावरणमैत्री गाउँ निर्माणका लागि क्याम्पस तथा विद्यालयहरुमा अध्ययनरत छात्राछात्राहरुलाई अतिरिक्त क्रियाकलाप अन्तर्गत सामुदायिक वनसँग समन्वय गरी वृक्षारोपण तथा बगैँचा निर्माण गर्न र विद्यालय परिसर तथा सार्वजनिक स्थलको संरक्षण तथा सरसफाई गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ।

२.	उच्च पहाडी भेगमा पाइने लोपोन्मुख जिवजन्तुको संरक्षका लागि स्थानीय जनताको सचेताना वृद्धि गर्नुकासाथै जिवजन्तु आवास क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरिनेछ।

३.	निजी तथा सामुदायिक वनको संरक्षण, वैज्ञानीक वन व्यवस्थापनमा जोड दिई सामुदायिक वनहरूको व्यावसायिकीकरणका लागि पर्यटनसँग आवद्ध गराउने नीति लिइने छ। डढेलो नियन्त्रणको वनहरूमा अग्नीरेखा निर्माणको कार्यलाई प्राथमिकतामा राखिनेछ।

४.	वन तथा वन्यजन्तुको संरक्षणको र वन पैदावारको उपयोगलाई व्यवस्थित एवम् आम उपभोक्ताको हित हुने गरी सहज र व्यावहारिक बनाउनका लागि संरक्षणकर्मी विभिन्न संघ संस्था तथा सामुदायिक वन उपभोक्ता समितिहरूसँग सहकार्य गर्ने नीतिमा जोड दिइनेछ।

५.	पहाडी  क्षेत्रबाट बग्ने विभिन्न खोलाखहरेहरुबाट हुने भु-क्षय नियन्त्रण गर्न संघ, प्रदेश सरकार तथा सम्वन्धित निकायहरूसँगको सहकार्यमा तटबन्धन लगायतका कार्यक्रम संचालन गरिने छ।

६.	गाउँपालिकामा रहेका पुरातात्विक महत्वका मठ, मन्दिर, पाटी, पौवा, चौतारा, पोखरी, विश्राम स्थल र त्यसको महत्वसँग जोडिएका रुख विरुवाहरूको संरक्षण गर्दै यस्ता स्थानमा वर, पिपल, समी जस्ता विरुवाहरू रोप्नुका साथै सडक वरपर र जोखिमयुक्त स्थानहरूमा हुनसक्ने भु-क्षय/ पहिरो नियन्त्रण गर्न र पार्क, विद्यालय, स्वास्थ्य चौकी, जेष्ठनागरिक चौतारा

लगायतका सार्वजनीक स्थलहरूको सौन्दर्यिकरण सहित पर्यावरणीय सन्तुलन कायम राख्नका लागिका लागि हरियाली प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

७. गाउँपालिका भित्र हुने सबै खालका विकास निर्माणका कार्यहरू गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ।

८. गाउँपालिका भित्र प्रयोग बिहिन रुपमा रहेका ढुङ्गा, गिटी, बालुवा लगायतका प्रकृतिक स्रोतहरु उच्चतम प्रयोगका लागि IEE, EIA जस्ता वातावरणीय प्रभावको मूल्याङ्कन लगायतका कानुनी प्रकृया पुरा गरी पूर्ण उपयोग र गाउँपालिकाको राजश्व सङ्कलन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. आगलागी, बाढिपहिरो लगायतका प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनिकरण गर्नको लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ।

१०. भुकम्प, बाढी, पहिरो, हात्ती आतंक लगायत यस गाउँपालिकामा देखिने प्रमुख विपद्जन्य घट्नाबाट सुरक्षित रहन तथा जोखिम न्यूनिकरणका आधारभुत उपायहरुको बारेमा जानकारी गराउन तथा सचेतना विकासका लागि विद्यालयस्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

११. गाउँपालिकास्तरमा विपद् व्यवस्थापन कोष संचालन गरी विपद्को समयमा तत्काल उद्दार र राहत पुग्ने सुनिश्चितता गरिनेछ साथै विपद् व्यवस्थापको कार्य गर्दा छिटो र सरल प्रकृयाबाट कार्यादेश र भुक्तानी हुने गरी नीतिगत व्यवस्था गरिनेछ।

## ९. सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

### ५.१ शान्ति सुरक्षा सुव्यवस्थापन

१. गाउँपालिका क्षेत्रको शान्ति सुरक्षाको व्यवस्थाकालागि आवश्यक सङ्ख्यामा गाउँ प्रहरी थप गर्नुका साथै क्षमता विकास गरी जवाफदेहि र जिम्मेवार बनाउँदै, विभिन्न क्षेत्रमा हुने चोरी निकासी नियन्त्रण तथा शान्ति सुरक्षा व्यवस्थापन गरिनेछ।

२. नेपाल प्रहरी, शासस्त्र प्रहरीबलसँगको समन्वयमा लागु औषध दुर्व्यसन नियमनका लागि सरोकारवाला संघसंस्था र आमा समुहको परिचालन गर्ने नीति लिइनेछ।

३. प्राकृतिक स्रोतको दोहन नियमन, चोरी डकैती तथा सामाजिक अपराध न्यूनीकरण गर्नका लागि सडक, चोकहरूमा CC Camera जडान गर्ने र सडक वत्ती व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

### ५.२ सुशासन तथा संस्थागत विकास

१. अभिलेखको दीगो संरक्षणका लागि पुराना प्रशासनिक कागजातहरुलाई डिजिटलाइजेशन गरिनेछ। पुराना अभिलेख संकलन गरी अभिलेखालय स्थापना गरिनेछ।

२. इ-हाजिरी प्रणालीलाई गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा क्रमश विस्तार गर्दै व्यवस्थित गरिनेछ।

३. सेवा प्रवाह मापदण्ड सहितको नागरिक वडापत्र तयार गरी सार्वजनिक गरिनेछ।

४. गाउँपालिकाको डिजिटल प्रोफायल तयारीलाई निरन्तरता दिइनेछ।

५. पेपरलेस गभर्नेन्सको अवधारणालाई अवलम्वन गर्दै अनलाईन दर्ता, चलानी प्रकृयालाई लागु गरिनेछ।

६. करारमा रहेका कर्मचारीहरुको सेवा सुरक्षा र सुविधा तथा मर्यादित जीवनयापनका लागि आवश्यक मापदण्ड तयार गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

७. जनप्रतिनिधी/कर्मचारीको क्षमता विकासका लागि मागमा आधारित तालिम प्रदान गरिनेछ।

८. सार्वजनिक सेवा प्रवाह र कार्य सम्पादन मूल्याङ्कनका आधारमा कर्मचारीलाई पुरस्कार र दण्डको व्यवस्था गरिने छ।

९. योजना कार्यान्वियनलाई प्रथम चौमासिक देखि नै सुरुवात गर्ने तथा नियमित प्रभावकारी रुपमा योजनाको गुणस्तरको पक्षलाई समेत मूल्याङकन गर्ने गरी अनुगमनलाई चुस्तता दिइनेछ।

१०. कृषि, उद्योग, व्यवसाय तथा पर्यटन प्रवर्धन तर्फको आयआर्जनमा टेवा पुग्ने खालको अध्ययन अवलोकन भ्रमण गरी प्राप्त प्रतिवेदनको आधारमा आधुनिक प्रकृतिका कार्यक्रमहरु तय गरी लागु गरिनेछ।

११. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना निर्माण गरी स्वीकृत गरेर मात्र खरिद गर्ने गरी खरिद योजना निर्माण गरी लागु गरिनेछ।

१२. वार्षिक कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न तथा उत्तरदायित्व प्रवर्धन गर्न आवधिक समीक्षा, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण समय समयमा गरिनेछ।

१३. वेरुजु घटाउने नीति अवलम्वन गरिनेछ। हालसम्म महालेखा परीक्षकको कार्यालयले दिएको लेखापरीक्षण प्रतिवेदनमा तोकेका वेरुजु यथासिघ्र फछर्यौटको व्यवस्था मिलाईनेछ।

१४. गरिवी निवारणका लागि स्वरोजगार सिर्जना हुने तथा आर्थिक विपन्न लक्षित हुने खालका सीपमुलक तालिम कार्यक्रम तयार गरी कार्यान्वयनमा लगिनेछ।

१५. विकासका विविध पक्षमा अन्तर तह तथा बहुस्तरीय समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाईनेछ।

१६. संघीय तथा प्रादेशिक कार्यालयहरुसंग समन्वय गरी आवधिक रुपमा वजार अनुगमन साथै गुणस्तर परीक्षण, कलोबजारी नियन्त्रण लाई नियमितता दिइनेछ साथै अवैधानिक रुपमा संचालित व्यवसायलाई कानूनी दायरामा ल्याइनेछ।

**५.३ श्रम तथा रोजगार**

१. युवाहरुलाई प्राथमिकतामा राखेर श्रम, पूँजी, सीप र रूचिका आधारमा पर्यटन, कृषि, पशु, उद्योग, यातायात र निर्माण लगायतका क्षेत्रमा आवश्यकता अनुसार प्राविधिक तथा व्यवसायिक तालिम, प्रविधि तथा विउ पूँजीमा अनुदान प्रदान गरी उद्यमशिलता विकास तथा स्वरोजगारी र रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

२. युवा रोजगारका लागि कृषि कम्पनी र सहकारीमार्फत रुपान्तरणकारी परियोजनाहरु सञ्चालनमा ल्याइनेछ, साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।

३. बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई स्वदेशमै सीप र क्षमताका आधारमा आयमुलक कार्यमा लाग्न प्रेरित गरिनेछ।

४. स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र मार्फत श्रम बजार सम्बद्ध सूचनाको संकलन तथा विश्लेषण गर्ने, आन्तरिक रोजगार प्रवर्धन, सीप र क्षमताको अन्तर विश्लेषण गरी रोजगारउन्मुख सीप प्रदान गर्न संयोजन तथा सञ्चालन गरिने ।
५. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनामा लाग्ने निर्माण सामाग्री, औजारहरु तथा आयोजनामा खटिने श्रमिकहरुको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाईने छ ।
६. बालश्रममुक्त स्थानीय तह बनाउनकालागि बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासकासाथै प्रारम्भिक बाल बिकास तथा बाल सहभागिताको हक प्रत्याभुत गरिनेछ ।
७. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्द्धनकालागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने नीति लिइनेछ ।
८. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका लागि सरल, शुलभ तथा व्यवस्थित सहजीकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्धढीकरण गरिनुका साथै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजीकरण गरिनेछ ।
९. वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुको पुनः एकिकरण कार्यक्रम अन्तर्गत सीप तथा क्षमताको विकास स्थानीय स्तरमै पहिचान गरी आवश्यक कार्यक्रम गरिनेछ ।
१०. स्थानीय स्तरमा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । गाउँपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सो को सूचना प्रवाह गरिनेछ ।
११. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सिपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइ स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
१२. युवा तथा शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न गराउन स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
१३. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक कार्यक्रम गरी सहजीकरण तथा परामर्श गरिनेछ ।

### ५.४ कानून तथा न्याय

१. न्याय सम्पादन कार्य स्वतन्त्र, पारदर्शी, पहुँचयोग्य, सक्षम एवम् विश्वसनीय बनाइने साथै न्यायीक काम कारवाहीलाई प्रविधिसंग जोडी सहज न्याय निरुपणलाई जोड दिइनेछ ।
२. न्यायीक समिति र गाउँपालिकाको काम कारवाहीलाई थप सहज र प्रभावकारी बनाउन छुट्टै कानुन पुस्तकालयको निर्माण गरिनेछ ।

३. न्यायीक समिति र मेलमिलापकर्ताको विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाउन पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।
४. न्यायिक समितिबाट सम्पादन हुने कार्य निस्पक्ष, पारदर्शी, पहुँचयोग्य र कम खर्चिलो भएको सुनिश्चतता गर्न वडास्तरमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
५. गाउँपालिकाको कानुन निर्माण प्रकृयालाई प्रकृया थप प्रभावकारी बनाईनेछ । यसका लागि जनप्रतिनिधी तथा कर्मचारिको क्षमता विकास गरिनुका साथै प्रदेश र संघीय सरकार संग आवश्यक समन्वय गरिनेछ ।

**५.५ राजश्व तथा आन्तरिक श्रोत परिचालन**

१. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवम् करदातामैत्री बनाउँने कार्यलाई प्राथमिकता दिइनेछ । कर सङ्कलनलाई अझ वढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने र धेरै कर तिर्ने करदातालाई सम्मान तथा भाका नाघी कर बुझाउने करदातालाई जरिवाना लिने नीति अवलम्बलन गरिनेछ ।
२. राजश्व नीति तथा प्रशासन सम्वन्धी राजश्व सुधार कार्ययोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
३. गाउँपालिका क्षेत्र भित्र बसोबास तथा व्यवसाय गरिरहेका सबैलाई करको दायरमा ल्याई करको दायरा विस्तार गर्ने नीति लिइने छ । प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरू विच रहेको असमानता न्यूनीकरण गर्दै लैजाने नीति लिइने छ ।
४. गाउँपालिकाको विकास साझेदारका रुपमा स्थानीय उपभोक्तालाई अङ्गिकार गर्दै, उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरूमा सहभागिता बापतको रकम अनिवार्य जम्मा गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
५. वडा कार्यालयसँगको समन्वयमा घर बहालकरमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरूको अभिलेख राख्ने कार्यको थालनी गरिनेछ ।
६. गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरी सबल, सक्षम र आत्मनिर्भर गाउँपालिका बनाउनका लागि गाउँपालिकाबाट हुन सक्ने थप सम्भावित राजश्व संकलनका स्रोतहरू पत्ता लागाउन आवश्यक अध्ययन गरी राजश्व संकलनको क्षेत्र फराकिलो बनाउँदै लैजाने नीति अवलम्बन गरिनेछ ।
७. तोकिएको कर तथा गैरकरको सङ्कलन कार्यकालागि समुदाय तथा जनप्रतिनिधिलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ । नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा सुविधा बीच प्रत्यक्ष सम्वन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ । कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

धन्यबाद